# कमल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## तोपगाछी,झापा

## १ न प्रदेश

## विधुतीय बोलपत्र आह्वानको सूचना

### प्रथम पटक प्रकाशित मिति:-२०७६/०७/२२(08Nov 2019)

**यस गा.पा को कार्य।लय** अन्तरगत आ.व. २०७६/०७७ को तपशील वमोजिमको स्वीकृत कार्यक्रमको विद्युतीय बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकाले निर्माण व्यवसायीहरूले निम्नशर्तहरूको अधिनमा रही बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छः।

**शर्तहरू**

१. तपशीलमा उल्लेख भए अनुसारको बैंकमा(संचित कोष खाता)दस्तुर बुझाई वा **कार्यालयबाट रसीद काटी** निर्माण व्यवसायीले चालु आ.व. व्यवसाय नवीकरण भएको ईजाजतपत्र, आयकर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७५/०७६ को कर चुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन**(मिति २०७६/८/२२ - 08 Dec 2019)** गते १२.०० बजे भित्रमा **E-Procrument** मार्फत् सार्वजनिक खरिद अनुगमन कार्यालय **(PPMO)** को **websitewww.bolpatra.gov.np** बाट बोलपत्र खरिद गरि दर्ता गनुपर्नेछ ।

**तपशिल :**

बैंकको नाम : एन.एन.बि. बैंक केर्खा, झापा

संचित कोष खाता नं. : ०६४००५८१९६४०००११ **(बोलपत्र फारम दस्तुर फिर्ता नहुने गरि)**

धरौटी खाता नं. : ०६४००५८१९६४०००८१

२. खरिद भएको बोलपत्र फारमहरू उल्लेख भएका सबै बिबरण रितपूर्वक भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई मात्र दर्ता गर्नुपर्नेछ ।

३. दर्ता भएका बोलपत्रहरू सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरू र बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्नेछैन ।

४. बोलपत्र बिक्री तथा दाखिला गर्न अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू भोलिपल्ट कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

५. बोलपत्र फारम साथ जमानत बापत तपशीलमा तोकिएको रकम माथि उल्लेख भएको धरौटी खातामा रकम जम्मा गरी सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट जारी भएको १२० दिनको मान्य अवधि भएको बैंक जमानत पेश गर्नु पर्ने छ ।

६. बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि **कर बाहेक**को दररेट उल्लेख गर्नु पर्नेछ । बोलपत्रमा प्रत्येक Itemwise दर अंक र अक्षर दुवै स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यतादिइनेछ । केरमेट भएको ठाउँमा बोलपत्रदाताको सहीछाप भएको हुनु पर्नेछ ।

७. यस गाउँपालिकाको हितलाई ध्यानमा राखी कुनै जनाई वा नजनाई पूरा वा आंशिक रुपमा स्वीकृति गर्ने वा नगर्ने अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ । रित नपुगी ,म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका बोलपत्रहरू मान्य हुने छैन ।

८. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित कानुन अनुसार हुनेछ ।

९. कामको गुणस्तर स्वीकृत स्पेशिफिकेशन अनुसार हुनु पर्नेछ । बोलपत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसँग बुझी र स्थलगत हेरि दररेट भरेको मानिने छ ।

**तपशील**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. (भ्याट बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १. | 03/road/kamal/076-077 | Construction of blacktop road from Kata Chowk to Tinpaini | ३४,७५,७९६/९३ | ९७,००० | ३,००० |
| २ | 04/road/kamal/076-077 | Construction of blacktop road on Himali Marga | ३४,८७,९२५/५७ | ९८,००० | ३,००० |

**प्रमुख प्रशासकिय अधिकृत**